सगुन सौगात मिडिया प्रा.ली.को प्रस्तुति सबैका लागि सञ्चार

# सिन्धुली सौगात

राष्ट्रिय दैनिक

sindhulisaugat.com




☎ ९८४९१४४७१५

वर्ष १०    अंक २८८    जेठ १६ आइतबार , २०७८ (Sunday 30 May, 2021)    पृष्ठ ४  मूल्य रु.५/

• *फिक्कलमा मदन-आश्रित स्मृति भवन निर्माण*

## सार्वजनिक जग्गा दुरुपयोग गरेकामा विपक्षी दलको आपत्ति

■ **सिन्धुली सौगात**

सिन्धुली - फिक्कल गाउँपालिकाको सार्वजनिक जग्गा दुरुपयोग गरी मदन-आश्रित स्मृति भवन निर्माण कार्य सुरु गरैको भन्दै स्थानीय बिपक्षी गठबन्धन दलले आपत्ति जनाएका छन् ।

संघिय सांसद गणेश पहाडीको संसदिय विकास कोषको ४९ लाख रुपैया सयहोगमा गाउँपालिका कार्यालय अगाडी वडा नं ४ खाङ्साङ बेशीमा रहेको सार्वजनिक स्थलमा उक्त भवन निर्माण सुरु गरिएपछि नेपाली काँग्रेस र नेकपा माओवादी केन्द्रले बिरोध जनाएका हुन् ।

स्थानीयका अनुसार उक्त मदन-आश्रित स्मृति भवन नेकपा(एमाले) फिक्कल गाउँपालिकाको पार्टी कार्यालय पनि हुने छ । स्थानीय सरकारको शक्तिको आडमा नेकपा एमालेले जवर्जस्ती सरकारी बजेट समेत दुरुपयोग गरेको ती दलको गुनासो छ ।

नेकपा माओवादी केन्द्र फिक्कल गाँउपालिका कमिटिका अध्यक्ष लोकेन्द्र कार्कीले उक्त भवन भत्काई दिने बताउनुभयो । उहाँले भन्नुभयो, "सरसल्लाह केही गरेका छैनन् । पैसा पनि एमालेको पैसा होईन, राज्यको पैसा हो । सर्बदलिय बैठक समेत राखेर सरसल्लाह नगरी जबर्जस्ती उक्त भवन निर्माण सुरु गरिएको छ ।"



सरकारी पैसाले पार्टीको नीजि कार्यालय बनाउन नपाईने उहाँको भनाई छ । उहाँले भन्नुभयो, "कि त उक्त पौसा नेकपा माओवादी केन्द्र र नेपाली काँग्रेसलाई पनि बराबरी बाड्नु पर्‍यो । अहिलेको कोरोनाका कारण घोषणा गरिएको लकडाउनका कारण बैठक समेत राखेर सल्लाह गर्न पाईएको छैन ।"

विकास बजेटलाई विकास निर्माणको सट्टा कुनै व्यक्ति र पार्टीका नाममा विनियोजन गर्न पाइने व्यवस्था नभएको नेकपा माओवादी केन्द्रको भनाई छ । शक्तिको आडमा पार्टीको नाममा सार्वजनिक जग्गा दुरुपयोग हुनुका साथै राजनीतिक दल, स्थानीय सरोकारवाला कसैसँग छलफल नगरी उक्त कार्य गरिएकोले माओवादी केन्द्रले शसक्त ढंगले विरोध गर्ने उक्त पार्टीले जनाएको छ ।

स्थानीय राजनीतिक दल र सरोकारवालाहरुलाई कुनै पनि जानकारी, छलफल र परामर्शबिना एकलौटी तवरले नेकपा(एमाले) र फिक्कल गाउँपालिकाको मिलेमतोमा बदनीयतपूर्ण कार्य गरिएको उनीहरुको आरोप छ ।

नेपाली काँग्रेस फिक्कल गाँउपालिका सभापति दिलनाथ पहाडी स्थानीय राजनीतिक दलसँग छलफल र सल्लाह नै नगरी जबर्जस्ती उक्त भवन बनाएको र त्यसलाई रोक्ने बताउनु हुन्छ ।

"पहिले त्यो जग्गा पहाडीहरुको थियो, पछि त्यहा बटुवाहरुलाई बस्न र भात पकाएर खान सुविधा होस भनेर पार्टी बनाईएको थियो," उहाँले भन्नुभयो, "त्यहा शिब मन्दिरको पार्टी थियो । उनीहरुले जवर्जस्ती उक्त जग्गाको दुरुपयोग गरेकाले त्यसलाई अरु दलको समेत सहभागिमा संयन्त्र बनाई प्रतिकार गर्छौं ।" बिरोध गरेर त्यहा भवन बनाउन रोक्ने उहाँको भनाई थियो ।

नेपाली काँग्रेस जिल्ला कार्यसमिति सिन्धुलीका सदस्य तथा स्थानीय बासिन्दा रामकुमार पहाडीले नेकपा(एमाले) र फिक्कल सरकारले सत्ताको आडम्बरमा पार्टीका नाममा सार्वजनिक जग्गा दुरुपयोग गरि कानुन विपरीत कार्य गरेको भन्दै यसको कानुनी उपचार खोज्ने बताउनुभयो । उहाँले थप्नुभयो, "हरेकपटक फिक्कल सरकारले ज्यादतीपूर्ण कार्य गरेकोले अब हामी प्रतिवादमा उत्रन बाध्य भएका छौ । म यस्ता गलत कार्यप्रति खेद प्रकट गर्दछु ।"

यता फिक्कल गाँउपालिकाका अध्यक्ष तथा नेकपा एमालेका नेता धनबहादुर कार्कीले गाँउ कार्यपालिकाको बैठकले निर्णय गरी उक्त भवन बनाउन जग्गा दिएको बताउनुभयो । उहाँले भन्नुभयो, "वडाको सिफारिस, वडाको मुचुल्का भएपछि गाँउ कार्यपालिकाको बैठकले उक्त भवन बनाउन करिब अढाई रोपनी जमिन दिएको हो ।"

उक्त भवन सार्बजनिक भएको र जबर्जस्ती गर्‍यो भन्नु झुठ्ठा आरोप भएको उहाँको भनाई थियो । उहाँका अनुसार हल सहितको तीन तले उक्त भवन असार २५ गतेसम्म सम्पन्न गर्ने गरि पिल्लर समेत उठाई सकेर निर्माण सुरु गरिएको छ ।

गाँउपालिका अध्यक्ष कार्कीले भन्नुभयो, "बिरोधका लागि बिरोध कसैले गर्नु हुदैन । स्थानीय सरकारले आफ्नो अधिकार प्रयोग गरी कसैको हक भोग नलाग्ने जग्गा वडाको सिफारिसमा उपलब्ध गराएको हो ।

उक्त भवन पछि अरु पार्टीलाई समेत कुनै कार्यक्रम गर्छु भन्दा काम लाग्ने उहाँको भनाई थियो ।

## अखिल (क्रान्तिकारी) सिन्धुलीको संघर्षका कार्यक्रमहरु घोषणा

■ **सिन्धुली सौगात**

सिन्धुली - अनेरास्वावियू (क्रान्तिकारी) सिन्धुलीले सिन्धुलीका सवै पालिकाहरुमा प्रधानमन्त्री केपी ओलीको प्रतिनिधिसभा विघटनको असंवैधानिक र प्रतिगामी कदमका विरुद्ध पालिका स्तरिय विज्ञप्ति जारी गर्ने भएको छ । गणतन्त्र दिवसको अवसरमा सिन्धुली जिल्ला कमिटीको भर्चुअल बैठकले यस्तो निर्णय गरेको हो ।

बैठकबाट संगठनको तर्फवाट सवै पालिकाहरुमा प्रधानमन्त्री केपी शर्मा ओलीको प्रतिनिधिसभा विघटनको असंवैधानिक र प्रतिगामी कदमका विरुद्ध पालिका स्तरिय विज्ञप्ति जारी गर्ने, प्रधानमन्त्री केपि शर्मा ओली र राष्ट्रपती विद्या देवि भण्डारीको पुत्ला वनाई सार्वजनिक स्थानमा झुण्ड्याउने निर्णय गरेको छ ।

त्यस्तै परीक्षा फर्म, शुल्क, पठनपाठन, भर्ना लगायतमा माग समेटी प्रत्येक इकाई कमिटिले क्याम्पसमा क्याम्पस प्रमुखलाई ज्ञापनपत्र वुझाउने, प्रत्येक पालिका अगाडी प्रधामन्त्री ओलीको प्रतिगमन र सरकारका गलत प्रवृतिका विरुद्ध प्लेकार्ड सहित कालो पट्टी वाँधेर आधा घण्टा सामाजिक दुरी र स्वास्थ्य सावधानि सहित विरोध प्रदर्शन गर्ने समेत निर्णय भएको केन्द्रिय सदस्य तथा अखिल (क्रान्तिकारी) सिन्धुली जिल्ला संयोजक उत्तम पाहाडीले जानकारी दिनुभयो ।

नेपालको न्यायपुर्ण एवम गणतन्त्र प्राप्तिको आन्दोलनका क्रममा शाहदत प्राप्त गर्नुहुने महान शहिदहरुको सम्झनामा श्रद्धान्जली अर्पण गर्दै वैठक सुरु गरिएको थियो ।

कोरोना भाइरस महामारीको कारण भर्चुअल माध्यमबाट सम्पन्न बैठक संगठनका केन्द्रिय सदस्य तथा सिन्धुली जिला संयोजक उत्तम पहाडीको अध्यक्षता, नेकपा (माओवादी केन्द्र) का केन्द्रिय सदस्य तथा सिन्धुली जिल्ला अध्यक्ष राजन दाहाल को प्रमुख आतिथ्यता, विद्यार्थी फ्याक्सन इन्चार्ज हेम कार्कीको आतिथ्यतामा सम्पन्न गरिएको हो ।

## संक्रमणको डरले बिरामी मेडिकलतिर ओइरिए

■ **सिन्धुली सौगात**

सिन्धुली- कोरोनाभाइरस संकमित राखेपछि सिन्धुली अस्पतालमा अन्य रोगका विरामी डरले नगइ मेडिकलतिर ओइरिएका छन् ।

सिन्धुली अस्पतालको गेट नजिकै रहेको भवनको भर्ना वार्डलाइ प्रिआइसोलेसन कक्ष बनाइ संभावित लक्षण देखिएका संक्रमित राखेपछि गर्भवती, भाइरल ज्वरो, दिर्घरोगी, हाडजोर्नी लगायत सामान्य विरामी डरले अस्पताल नगएका हुन् ।

विरामीहरु सिन्धुली अस्पताल नगएपछि सदरमुकाम माढीबजारका औषधि पसललाइ भ्याई नभ्याई छ । मनमा त्रास भएपछि अस्पताल तिर नगई जुनसुकै रोग लाग्दा पनि औषधि पसल धाउन थालेको पत्रकार महासंघका उपाध्यक्ष टिकाजंग थापाले बताउनुभयो । औषधि पसल मै भेटिएका उहाँले स्वास्थ्यकमी नै संक्रमित भएपछि अस्पतालमा विरामी जान डराएको बताउनुभयो ।

"संक्रमित सबैलाइ कोभिड अस्पतालमा राखि दिएको भए जुनसुकै विरामीले औषधि पसल धाउनुको सट्टा सरकारी अस्पताल गएर सेवा लिन्थे," उहाँले भन्नुभयो, "अहिले अस्पताल छोडेर सबै औषधि पसलमा गई मनलाग्दी औषधि लिएका छन् ।" औषधि पसलमा चेकजाँच नगरि विरामीले भनेको भरमा औषधि दिने गरिएको छ ।

सिन्धुली अस्पतालमा दैनिक दुई सयदेखि चार सयसम्म विरामीहरु चेकजाँचका लागि आउने गर्दथे । दोस्रो लहरको कोरोना शुरु भएपछि घट्दै गएर यतिखेर आपतकालिन बाहेक मुश्किलले दश जना पुग्ने गरेका छन् ।

प्रदेश सरकार, स्थानीय तह, संघ संस्था र व्यक्तिगत सहयोगमा निर्माण भएको कोभिड अस्पताल समयमै संचालनमा नआउँदा कोरोना संक्रमितहरुलाइ सिन्धुली अस्पतालमा राखेर उपचार गरिएको थियो ।

सिन्धुली अस्पतालको भवन निर्माणधिन रहेकाले अस्थायी भवनहरु व्यवस्थित छैनन् । संक्रमण सर्ने डरले विरामीहरु रोग पालेर घरमै वस्नुपर्ने अथवा मेडिकल जानुपर्ने बाध्यता रहेको ज्वरोको ***बाँकी ३ पेजमा***

## पाँच कैदीलाई बाँकी कैद सजाय मिनाहा

■ **सिन्धुली सौगात**

सिन्धुली, - कारागार कार्यालय सिन्धुलीमा कैद सँजाय भोगी रहेका पाँच जना कैदीले बाँकी पचास प्रतिशत कैद सँजाय मिनाहा पाई शनिबार रिहाई भएका छन् ।

गणतन्त्र दिवसको अबसरमा ती कैदीले भुक्तान गर्न बाँकी रहेको कैद सँजाय नेपाल सरकारबाट मिनाहा पाई रिहाई भएका उक्त कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख मात्रिकाप्रसाद पहाडीका अनुसार रिहाई हुने कैदीहरुमा रुपन्देहि जिल्ला सियारी ५ निवासी गणेश केवट, सिन्धुली जिल्लाको दुधौली नगरपालिका ५ निविासी आषिश भन्ने क्षितीजकुमार दनुवार, चितवन भरतपुर १२ निवासी नेत्रबहादुर खड्का, धनुषा जनकपुर ८ निवासी असरफ राईन र दुधौली नगरपालिका ११ निवासी रामबहादुर माझी रहेका छन् । रुपन्देहि जिल्ला सियारी ५ निवासी केवट सबारी ज्यान, सिन्धुली जिल्लाको दुधौली नगरपालिका ५ निविासी दनुवार सबारी ज्यान, चितवन भरतपुर १२ निवासी खड्का सबारी ज्यान, धनुषा जनकपुर ८ निवासी राईन चोरी र दुधौली नगरपालिका ११ निवासी माझी ज्यान मार्ने उद्योगमा कैद सँजाय पाएको उहाँले बताउनुभयो ।

## *थप ५३ जनामा कोरोना संक्रमण*

■ **सिन्धुली सौगात**

सिन्धुली - सिन्धुलीमा शनिवार थप ५३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। संकलन गरिएको स्वाब मध्ये १ सय ४१ जनाको पिसीआर रिपोर्ट आउदा २२ महिला र ३१ पुरुष गरि ५३ जनामा कोरोना पोजेटिभ देखिएको हो ।

शनिवार पुष्टि भएको संक्रमित संगै जिल्लामा कोरोना संक्रमित हुनेको संख्या १ हजार ३ सय ९३ पुगेको स्वास्थ्य कार्यालय सिन्धुलीले जनाएको छ ।

जिल्लामा अहिले ४ सय ४५ महिला र ७ सय १३ पुरुष गरि १ हजार १ सय ५८ जना कोरोना संक्रमित होम आईसोलेसनमा रहेका छन । त्यस्तै ६ महिला र २० पुरुष गरि २६ जना संस्थागत आइसोलेसनमा रहेका छन ।

अब स्वाब संकलन गरिएको मध्य ११ महिला र १८ पुरुष गरि २९ जनाको पिसिआर रिपोर्ट आउन बाँकी रहेको स्वास्थ्य कार्यलय सिन्धुलीले जनाएको छ ।

अहिले सम्म ६१ महिला र १ सय ३१ पुरुष गरि १ सय ९२ जना कोरोना मुक्त भएका छन ।जिल्लामा अहिले सकृय संक्रमित महिला ४५१ र पुरुष ७३३ गरी जम्मा १ हजार १ सय चौरासी छन । जिल्लामा अहिले सम्म कोरोना संक्रमणका कारण १० महिला र १२ पुरुष गरि २२ जनाको ज्यान गएको स्वास्थ्य कार्यालय सिन्धुलीले जनाएको छ ।

## *संक्रमित थुनुवालाई उपचार गर्न हेलिकोप्टरबाट काठमाडौं पठाईयो*

■ **सिन्धुली सौगात**

सिन्धुली, - सिन्धुली कारागार कार्यालयमा रहेका एक जना थुनुवालाई कोरोना संक्रमणका कारण गम्भिर बनाएपछि शनिबार उपचारका लागि हेलिकोप्टरबाट काठमाडौं पठाईएको छ ।

जेठ ४ गते कोरोना पोजेटिभ देखिएपछि कोभिड १९ अस्पतालमा भर्ना गरी उपचार गरिएको थुनुवा साहको स्वास्थ्यमा थप समस्या देखिएपछि थप उपचारका लागि काठमाडौं पठाएको उक्त कार्यालयले जनाएको छ ।

पुर्पक्षका लागि थुनामा राख्न करिब २० दिन अघि धनुषाबाट ल्याईएका बिराटनगर निवासी थुनुवा (बन्दी) ६८ बर्षिय अर्जुन साहका परिवारने नीजि खर्चमा उपचार गर्न हेलिकोप्टरबाट काठमाडौं लगेका हुन् । कोरोना सङक्रमित बिरामी साह ठगि, किर्ते अभियोगमा मुद्धा चलाई अदालतले पुपुक्षको लागि थुनामा पठाएको कारागार कार्यालयका प्रमुख मात्रिकाप्रसाद पहाडीले जानकारी दिनुभयो ।

उहाँले ऐनमा भएको व्यवस्था बमोजिम विभागबाट अनुमति लिएर प्रहरी सहायक निरिक्षक सहित दुई जना प्रहरी र एक जना कारागार कार्यालयका कर्मचारी साथ लगाई निजी क्लिनिक तथा पायक पर्ने अस्पतालमा उपचार गर्न हेलिकोप्टरमा काठमाडौं पठाएको बताउनुभयो । कारागारका अनुसार अभियुक्त साहलाई धनुषाबाट ल्याउने बित्तिकै कारागार भित्र बाहिरबाट ल्याएका कैदीबन्दिलाई आईसोलेसनका रुपमा राख्न व्यवस्था गरिएको छुट्टै कोठामा राखिएको थियो । पिसिआर परिक्षणका क्रममा जेठ ४ गते कोरोना पोजेटिभ देखिएपछि कोभिड १९ अस्पतालमा भर्ना गरि उपचार सुरु गरिएको थियो । हाल उक्त कारागारमा कैदीबन्दि गरी ५१९ जना रहेको र उनीहरु कोरोना संक्रमण मुक्त अवस्थामा रहेको कारागारले जनाएको छ ।

**पाठकवर्गमा जानकारी**

***सिन्धुली सौगात दैनिक पत्रिका***
अनलाईनबाट हेर्नकालागि
***epaper.sindhulisaugat.com***
खोल्नुहोस् ।
हामी नियमित अनलाईनमा पनि छौं ।

सिन्धुलीको हरेक समाचारसँग अपडेट रहन हाम्रो वेभसाइट
**www.sindhulisaugat.com**
खोल्नुहोस् । हाम्रो फेसबुक पेज ***Sindhuli Saugat*** लाईक गरि समाचारसँग अपडेट रहनुहोस् ।

## आर्थिक वर्ष ०७८/०७९ बजेट विशेष

# आगामी आवका लागि रु १६ खर्ब ४७ अर्ब ५७ करोडको बजेट प्रस्तुत

(रासस) सरकारले आगामी आर्थिक वर्षका लागि रु १६ खर्ब ४७ अर्ब ५७ करोडको बजेट सार्वजनिक गरेको छ । आगामी आवका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कुल विनियोजनमध्ये सञ्चले खर्च गर्ने चालुतर्फ रु छ खर्ब ७८ अर्ब ६१ करोड, पूँजीगततर्फ रु तीन खर्ब ७४ अर्ब २६ करोड र वित्तीय व्यवस्थातर्फ रु दुई खर्ब सात अर्ब ९७ करोड विनियोजन गरेको छ ।

त्यसैगरी प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु तीन खर्ब ८६ अर्ब ७१ करोड तथा चालु खर्चमा समानीकरण अनुदानसहित रु तीन खर्ब २५ अर्ब ७४ करोड र पूँजीगततर्फ रु ६० अर्ब ९७ करोड छुट्याइएको छ ।

आगामी आवका लागि अनुमान गरिएको खर्च राजस्वबाट रु १० खर्ब २४ अर्ब ९० करोड र वैदेशिक अनुदानबाट रु ६३ अर्ब ३७ करोड बेहोरिने अध्यादेशमार्फत बजेट प्रस्तुत गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बताउनुभयो । चालु, पुँजीगत र वित्तीय हस्तान्तरणतर्फ विनियोजित खर्चमा राजस्व र वैदेशिक अनुदानबाट बेहोर्दा न्यून हुने रु पाँच खर्ब ५९ अर्ब ३० करोडमध्ये वैदेशिक ऋणबाट रु तीन खर्ब नौ अर्ब २९ करोड र आन्तरिक ऋणबाट रु दुई खर्ब ५० अर्ब बेहोरिने उहाँले बताउनुभयो ।

## बजेटमा शीघ्र आर्थिक पुनरुत्थानलाई उच्च प्राथमिकता

**■ रासस**

काठमाडौँ, - सरकारले आगामी आर्थिक वर्षको राजस्व नीति र करका दर निर्धारण गर्दा मानव स्वास्थ्य र आर्थिक संकटबाट सिर्जित प्रतिकूलावस्थामा करदातालाई राहत एवं सहुलियतसहित शीघ्र आर्थिक पुनरुत्थानलाई उच्च प्राथमिकता दिएको छ । आगामी आवको आयव्ययको विवरण प्रस्तुत गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेलले कोभिड-१९ को महामारीबाट प्रभावित उद्योग, व्यवसायलाई कर छुट तथा सहुलियत दिने, राजस्व नीतिको माध्यमबाट आन्तरिक तथा बाह्य लगानी प्रवर्द्धन र स्वदेशी उद्योगको संरक्षण, व्यापार सहजीकरण, करको दायरा विस्तार, कराधार संरक्षण र राजस्व चुहावट नियन्त्रणके माध्यमबाट थप राजस्व परिचालन गरिने बताउनुभयो ।

राजस्व प्रणालीलाई थप प्रगतिशील, स्वच्छ, पारदर्शी, स्वचालित र अनुमानयोग्य बनाउने तथा राजस्व प्रशासनको दक्षता वृद्धि, पूर्वाधार विकास एवं सूचना प्रविधिको अधिकतम उपयोगबाट स्वेच्छिक कर सहभागिता अभिवृद्धि राजस्व परिचालनका उद्देश्य भएको मन्त्री पौडेलले स्पष्ट गर्नुभयो ।

आर्थिक वर्ष २०७७/७८ को आयमा रु २० लाखसम्मको कारोवार भएका करदातालाई ९० प्रतिशत, वार्षिक रु २० लाखदेखि रु ५० लाखसम्मको कारोवार भएका करदातालाई ७५ प्रतिशत र वार्षिक रु ५० लाखदेखि रु एक करोडसम्मको कारोवार भएका करदातालाई ५० प्रतिशतले आयकर छुट दिने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो ।

कोभिड-१९ बाट अत्यधिक प्रभावित होटल, ट्राभल, ट्रेकिङ, यातायात तथा हवाई सेवा, चलचित्र उद्योग र सञ्चारगृहको करयोग्य आयमा एक प्रतिशत मात्र आयकर लाग्ने व्यवस्था गर्दै व्यवसायको नोक्सानी सार्न मिल्ने अवधि बढाएर १० वर्ष पुऱ्याइएको छ ।

अर्थमन्त्रीका अनुसार कम्पनी ऐन, २०६३ तथा प्राइभेट फर्म रजिस्ट्रेशन ऐन, २०१४ अनुसार आव २०७५/७६ सम्मको वार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरेका कम्पनी तथा फर्मले आगामी असोज मसान्तभित्र विवरण र शुल्क तथा जरिवानाको १० प्रतिशत बुझाएमा बाँकी शुल्क तथा जरिवाना मिनाहा हुने भएको छ । आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन २०५८ बमोजिम २०७७ साल असार मसान्तभित्र भएको कर निर्धारणमाथि चित्त नबुझाई आन्तरिक राजस्व विभाग वा राजस्व न्यायाधिकरण वा अदालतमा विचाराधीन मुद्दामध्ये झुठ्ठा तथा नक्कली बिजकबाहेकका मुद्दा सम्बन्धित करदाताले फिर्ता लिई निर्धारित कर र त्यसमा लागेको ब्याजको ५० प्रतिशत रकम आगामी मंसिर मसान्तसम्ममा बुझाए बाँकी ब्याज, शुल्क, थप दस्तुर र जरिवाना नलाग्ने भएको छ ।

त्यसैगरी आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन २०५८ बमोजिम बक्यौता रहेको २०७६ असार मसान्तसम्मको कर रकम र त्यसमा लागेको ब्याज २०७८ पुस मसान्तभित्र दाखिला गरेमा शुल्क, जरिवाना तथा थप दस्तुर मिनाहा गरिएको छ । अक्सिजन ग्यास, लिक्विड अक्सिजन, अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर लगायत जीवनदायक सामग्री, औषधि आयात, उत्पादन तथा बिक्रीवितरणमा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर र अन्तः शुल्क आगामी पुस मसान्तसम्म छुट गरिएको छ ।

विद्युतको आन्तरिक खपत वृद्धि गर्न तथा वातावरणमैत्री यातायातका साधनको प्रयोगलाई बढावा दिन विद्युतीय सवारी साधनको आयातमा अन्तःशुल्क पूरै खारेज गरी भन्सार महसुलसमेत उल्लेख्य मात्रामा घटाइएको अर्थमन्त्रीले घोषणा गर्नुभयो ।

## 'निर्वाचनमा राजनीतिक नारा बेच्न खोज्ने प्रयासको बजेट'

**■ रासस**

काठमाडौँ, - प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले प्रस्तुत आर्थिक वर्ष २०७८/७९ को बजेटलाई व्यावहारिकरुपबाट विश्वास गरेर हेर्नेभन्दा निर्वाचनमा राजनीतिक नारा बेच्न खोज्ने प्रयासका रुपमा हेरिएको प्रतिक्रिया दिएको छ । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अर्थमन्त्री विष्णुप्रसाद पौडेलद्वारा प्रस्तुत बजेटबाट काँग्रेसले सरकारले अपेक्षा गरेजस्तो एकै पटक अर्थतन्त्र उकालो लाग्ने र राजस्वको लक्ष्य पूरा हुन सक्ने विश्वासिलो आधार नभएको प्रारम्भिक प्रतिक्रिया दिएको छ ।

काँग्रेसका नेता डा मीनेन्द्र रिजालले सरकार निर्वाचन गर्ने योजनामा रहेकाले आफ्नो पार्टीलाई चुनावमा मत बटुल्न सहयोग पुगोस् भन्ने उद्देश्यले विभिन्न नाराका साथ बजेट ल्याइएको आरोप लगाउनुभयो । उहाँले भन्नुभयो, "यो व्यवहारमा आधारित बजेट नै होइन, निर्वाचन गराउने परिस्थिति निर्माण गरेर मत बटुल्न ल्याइएको बजेट राजस्वको वास्तविकतामा आधारित नभएको मात्र होइन, कोभिड-१९ को संक्रमणबाट उम्कन ठोस उपाय पनि देखिन्न ।"

नेकपा(माओवादी केन्द्र) का नेता एवं पूर्वअर्थमन्त्री वर्षमान पुनले चुनाव घोषणा गरेर त्यसलाई प्रभावित तुल्याउने ढंगबाट काम चलाउ सरकारले असंवैधानिक कदमका रुपमा बजेट प्रस्तुत गरेको आरोप लगाउनुभयो । उहाँले भन्नुभयो, "नियमित सेवा र काम गर्नबाहेक पूर्ण बजेट ल्याउन पाइन्थेन, प्रतिनिधिसभाविना नयाँ कर र राजस्वका दर लगाउन वा घटाउन पनि पाइन्न, यो सरकारबाट संविधान विपरीत काम भएको छ, निर्वाचनको बजेट ठोस रुपमा नआउँदा अर्थमन्त्रीलाई प्रतिनिधिसभा पुनःस्थापना हुन्छ भन्ने कुरा जस्तो आभास पनि भएजस्तो छ ।"

हामीले गर्न खोजेका थियौं, काम गर्न दिइएन भन्ने सोचका साथ बजेट ल्याइएको आरोप लगाउँदै पूर्वऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पुनले भन्नुभयो, "आर्थिक आधार र दीर्घकालीन सोचभन्दा ऋण लिएर घिउ खाऔँ, चुनावलाई प्रभाव पारौँ भन्ने सोचबाट गैरजिम्मेवारपूर्वक रुपमा बजेट आएको छ ।"

सरकारले आर्थिक वर्ष २०७८/७९ को आयव्ययको अनुमानित विवरण(बजेट)का सम्बन्धमा प्रारम्भिक प्रतिक्रिया दिँदै नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले आफूहरुले पूर्वकल्पना गरेजस्तै सबै मानिसलाई रिफाउने मुख्य उद्देश्यले ल्याइको बजेट विकास खर्च कम गर्न उद्दत भएर आएका रुपमा देखिएको बताउनुभयो । उहाँले भन्नुभयो, "गएको वर्षभन्दा यस वर्ष पूँजीगत खर्च साढे एक प्रतिशतले घटेको छ ।" प्रतिनिधिसभा विघटन भएका कारण अध्यादेशमार्फत जारी बजेटलाई प्रतिपक्षले कार्यान्वयनमा निकै चुनौती रहेको प्रतिक्रिया दिएको छ । प्रतिपक्ष दलले तलब, भत्ता र विदेशी ऋण तिर्ने र बहुवर्षीय योजनालाई निरन्तरताबाहेक अन्य कार्यक्रम नसमेट्न तथा पूर्ण बजेट नल्याउन सुझाव दिएका थिए ।

सरकारले विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड- १९ का कारण मुलुकको अर्थतन्त्र सुदृढीकरण र रोजगारी सिर्जनामा गम्भीर असर पुगेको बजेटमार्फत जानकारी दिएको छ । सरकारले बजेटमा कोरोना संक्रमण रोकथाम र उपचारका लागि उच्च प्राथमिकताका साथ बजेट विनियोजन गरेको छ ।

## अवैधरूपमा भित्रिएका मोबाइल नचल्ने

**■ रासस**

काठमाडौँ, -आगामी साउन १ गतेदेखि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) सञ्चालनमा ल्याइने भएको छ । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक वर्ष २०७८/७९ को बजेट सार्वजनिक गर्दै साउन १ गतेदेखि उक्त प्रविधि सञ्चालनमा आउने बताउनुभएको हो । उहाँका अनुसार उक्त प्रविधि सञ्चालनमा आएपछि हाल अवैध रूपमा भित्रिएका (बिना दर्ता) मोबाइल फोन नियन्त्रणमा आँनेछ ।

नेपाल दूरसञ्चार प्राधिकरणले अवैध रूपमा भित्रिएका मोबाइल बन्द गराउन भन्दै २०७३ सालदेखि इन्टरनेसनल मोबाइल इक्विपमेन्ट आइडेन्टिटी (आइएमइआई) नम्बर दर्ता गराउने काम गर्दै आएको छ ।

प्राधिकरणले २०७४ साल वैशाख २८ गते प्राधिकरणले अवैध मोबाइल रोक्ने प्रणाली (एमडीएमएस) जडान गर्न परामर्शदाता छनोटका लागि टेन्डर आह्वान गरेको थियो । प्राधिकरणले आह्वान गरेको टेन्डरमा आवेदन परेका १३ कम्पनी मध्येबाट २०७६ साल असारमा छनोट भएको कम्पनीले छ महिनाभित्र उक्त सिस्टम जडान गर्नुपर्ने थियो । ओएसआई कन्सल्टिङ प्रालि भारत र नमस्ते ग्लोबल कम प्रालि सिंगापुरको ज्वाइन्ट भेन्चर छनोट भएको थियो । उक्त कम्पनीलाई एमडीएमएस जडान गर्न रु ८० करोड बराबरको ठेक्का दिईएको थियो । सम्झौता भएको मितिले ६ महिनाभित्र अर्थात् गत वर्षको पुस महिनामा एमडीएमएस प्रणाली जडान गरेर सञ्चालन ल्याइसक्नुपर्ने हो तर गत वर्ष कोरोना संक्रमणलाई ध्यानमा राख्दै नेपाल सरकारले गरेको बन्दाबन्दी र हाल लागु गरिएको निषेधाज्ञालाई देखाउँनै जडानको काम रोकिएको छ ।

वि.सं. २०७३ वैशाखबाट प्राधिकरणले इन्टरनेसनल मोबाइल इक्विपमेन्ट आइडेन्टिफायर ( आईएमइआई) नम्बर 'युनिक कोड' दर्ता गर्न सुरु गरेको छ । पहिलो चरणमा आइएमइआई नम्बर दर्ता र दोस्रो चरणमा मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) जडान गर्ने जनाएको थियो ।

## भौतिक पूर्वाधार उच्च प्राथमिकतामा

**■ रासस**

काठमाडौँ, - सरकारले आगामी आर्थिक वर्षमा बजेटमा पूर्व-पश्चिम राजमार्गको बिस्तार, पुष्पलाल र हुलाकी सडकको बाँकी खण्डको निर्माणसँगै निर्माण सुरुङ, 'फ्लाई ओभर' लगायतका संरचना निर्माणमा प्राथमिकता दिएको छ ।

आगामी आवको आयव्ययको विवरण प्रस्तुत गर्दै अर्थमन्त्री पौडेलले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई रु १ खर्ब ६३ अर्ब ३७ करोड बजेट विनियोजन गरिएको बताउनुभयो । सरकारले गुणस्तरिय यातायातको विकास गर्ने र प्रमुख शहरहरूबीचको यात्रा अवधि अधिकतम दुई घण्टा हुने गरी समय र लागत घटाउन गतियुक्त सडक, सुरुङमार्ग, उचाइ युक्त पुल, फ्लाइ ओभर निर्माण गर्न बजेट विनियोजन गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, " सबै सडकको जिआइएस म्यापिङगरी बर्गिकरण गर्ने व्यवस्था मिलाइेको छ ।"

पूर्व-पश्चिम राजमार्गलाई सुरक्षा मापदण्डसहितको चार लेनमा बिस्तार गरिने गरी बजेट बिनियोजन भएको छ । कञ्चनपुर-कमला, कमला-ढल्केबर-पथलैया, नारायणगढ-बुटवाल खण्डको बिस्तारलाई तीव्रता दिइनेछ । काकडभिट्टा-इनरुवा, पथलैया-नारायणघाट, बुटवल कोहलपुर र कोहलपुर वनवासाको खण्ड डिजाइन सम्पन्न गरी निर्माण शुरु गरिने उहाँले बताउनुभयो ।

यस राजमार्गको सघन बस्ती भएको क्षेत्रमा सर्भिस लेन, 'अण्डर पास' तथा 'फ्लाई ओभर', चुरे क्षेत्रमा सुरुङ र बन क्षेत्रमा बन्यजन्तु सुरुङ समेत निर्माण गरिनेछ । यसका लागि अर्थ मन्त्रालयले रु १५ अर्ब ३४ करोड विनियोजन गरेको छ ।

राष्ट्रिय गौरबको पुष्पलाल राजमार्गलाई चार लेनमा बिस्तार गरी मध्यपहाडी क्षेत्रको बिकास मेरुदण्डको रूपमा निर्माण गरिने योजना रहेको छ । राजमार्गको दूरी घटाउन सम्भाव्यता अध्ययन गरी पुनः रेखाङ्कन गरिने र रु आठ अर्ब १३ करोड विनियोजन गरिएको छ । मदन भण्डारी राजमार्गको चतरा-हेटौँडा खण्डको निर्माण आगामी आबको सम्पन्न गरिने, राजमार्गमा बाँकी खण्डको रेखाङ्कन र बिस्तृत आयोजना प्रतिवेदन तयार गरी आयोजना अघि बढाइने र यसका लागि रु तीन अर्ब २० करोड विनियोजन बजेटमा उल्लेख छ ।

बजेट वक्तव्यमा हुलाकी राजमार्गको निर्माणको काम आगामी आब सम्पन्न गरिने, राजमार्गमा पर्ने रतुवा, कन्काई, कमला, बाग्मतीलगायतका नदीमा पुल निर्माण सम्पन्न गरिने, चितवन र मकवानपुर जिल्लाका राष्ट्रिय निकुञ्जमा पर्ने खण्डको पुनः रेखाङ्कन गरी निर्माण सम्पन्न गरिने र लागि रु छ अर्ब ३९ करोड विनियोजन भएको छ ।

त्यस्तै, काठमाडौँ तराई मधेश द्रतमार्गको निर्माणलाई तीव्रता दिइने ,द्रुतमार्गमा पर्ने सुरुङमार्ग र उचाइ युक्त पुल निर्माण आगामी आबमा शुरु गरिने र आयोजनामा रु आठ अर्ब १५ करोड विनियोजन भएको छ । सिद्धार्थ राजमार्ग र कोहलपुर-सुर्खेत राजमार्गलाई डेडिकेटेड डबल लेनमा स्तरोन्नति गर्न रु सात अर्ब सो आयव्यय विवरणमा उल्लेख छ । पृथ्वी राजमार्गको नागढुङ्गा-मुग्लिन खण्डको स्तरोन्नति र आबुखैरनी-पोखरा खण्ड चार लेनमा बिस्तार गर्न रु सात अर्ब २७ करोड विनियोजन भएको छ ।

यसैगरी पूर्व पश्चिम राजमार्गबाट तराई मधेसका १८ जिल्लाको सदरमुकाम हुँदै दक्षिणी सीमा जोड्ने सडकलाई चार लेनमा बिस्तारको काम आगामी आबमा अघि बढाइने बजेट बक्तब्यमा उल्लेख छ । सो कार्यक्रमअन्तर्गत सम्पन्न हुन बाँकी खण्डको बिस्तार गर्न रु दुई अर्ब ६६ करोड बिनियाजेन भएको छ । अरनिको राजमार्गको स्तरोन्नति तथा बिस्तार गर्न रु एक अर्ब १३ करोड विनियोजन भएको छ । गल्छी-स्याफ्रुबेसी, रसुवागढी र काठमाडौँ-बिदुर सडकलाई डेडिकेटेड डबल लेनमा बिस्तार गरिने ,उत्तर-दक्षिण करिडोर निर्माणलाई तीव्रता दिइने र मेची करिडोर, तमोर करिडोर, कोशी करिडोर, त्रिशुली करिडोर, कालीगण्डकी करिडोर, सेती लोकमार्ग, निर्माण काम अघि बढाउन रु छ अर्ब ५० करोड बिनियोजन भएको छ ।

सरकारले कर्णाली राजमार्गको सुर्खेत-खुलालु खण्ड दुई लेनको बनाउन रु एक अर्ब २० करोड विनियोजन गरेको छ । हुम्ला सदरमुकाम सिमकोटलाई आगामी आबमा राष्ट्रिय राजमार्ग सञ्जालसँग जोडिएको छ । भेरी सडक करिडोरको जाजरकोट-दुनै खण्डको स्तरोन्नति गरिने, सडकमा ट्र्याक खोल्ने काम आगामी आबमा शुरु गरिने र सो सडकमा रु ६१ करोड विनियोजन गरेको छ ।

बजेटमा महाकाली करिडोरका लागि रु एक अर्ब तीन करोड छुट्ट्याइएको छ । आगामी आबमा ३०० पुल सम्पन्न गर्ने गरी बजेट विनियोजन गरेको छ । दोधारा चाँदनी हुँदै भारतीय सीमा नाका जोड्ने महाकाली नदीमा चार लेनको पुल सम्पन्न गरिनेछ । पुल निर्माणतर्फ रु ११ अर्ब १० करोड विनियोजन भएको छ । पूर्व पश्चिम राजमार्गको कोशी, नारायणी राप्तीलगायतका १० सम्भाब्य सडक पुललाई सिग्नेचर ब्रिजले प्रतिस्थापन गरिने अर्थ मन्त्री पौडेलले बताउनुभयो । यी पुलको डिजाइन र प्रतिवेदन तयार गर्न ख्यातिप्राप्त अन्तराष्ट्रिय परामर्शदातालाई सहभागी गराइनेछ ।

बजेटमा सङ्घीय सरकारको अधिकार क्षेत्रको सडक तथा पुलको मापदण्ड निर्धारण, डिइङ डिजाइन मर्मत सम्भारमा बित्तिय स्रोत परिचालन र अभिलेखिकरणका लागि राष्ट्रिय राजमार्ग प्राधिकरण स्थापनाका लागि विज्ञसहित अध्ययन कार्यदल बनाइने पनि उल्लेख छ ।

## मदिराको मूल्य बढ्दै: इन्डक्सन चुल्होको घट्दै

**■ रासस**

काठमाडौँ- सरकारले आगामी आर्थिक वर्षका लागि सार्वजनिक गरेको बजेटले मदिरा, बियर, वाइन, चुरोट, सुर्तीजन्य वस्तु र हल्का पेय पदार्थमा अन्तःशुल्क वृद्धि गरेको छ ।

इन्डक्सन चुल्हो, रेफ्रिजेरेटर, ग्राइन्डर, राइस कुकर, पंखालगायत विद्युतीय उपकरणको मूल्य भने घट्ने भएको छ । विद्युत् खपत बढाउनका लागि सरकारले विद्युतीय चुल्होको प्रयोगलाई बढावा दिने लक्ष्य निर्धारण गरेको छ । त्यसका लागि इन्डक्सन चुलोमा लाग्दै आएको भन्सार छुटलाई चार प्रतिशतले घटाएर एक प्रतिशतमा सीमित गरिएको छ ।

यसअघि इन्डक्सन चुल्होमा पाँच प्रतिशत भन्सार लाग्दै आएको थियो । आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेलले इन्डक्सन चुल्होको भन्सार एक प्रतिशतमा झारिएको जानकारी दिनुभयो ।

भन्सार शुल्क कम भएपछि नेपाली बजारमा सस्तो मूल्यमा इन्डक्सन चुल्हो पाइनेछ । मुलुकमा पछिल्लो समयमा बिजुलीको उत्पादन बढ्दै गएको र खपत बढाउनका लागि उपाय खोजी भइरहेको बेला सरकारको यस्तो व्यवस्थाले नेपाल विद्युत् प्राधिकरणलाई समेत राहत पुग्नेछ ।

यस्तै विद्युत् खपत बढाउनका लागि रेफ्रिजेरेटर, ग्राइण्डर, राइसकुकर, पंखालगायत विद्युतीय उपकरणको अन्तःशुल्क खारेज गरी भन्सार महसुल घटाइएको छ । शिशु स्वास्थ्य र पोषण प्रवर्द्धन गर्न शिशुले सेवन गर्ने दूधको भन्सार महसुल पनि ५० प्रतिशतले घटाइएको छ । मूल्य थपघटको व्यवस्था आगामी साउन १ गतेदेखि लागू हुनेछ ।

डेबिट कार्ड, क्रेडिट कार्ड, क्युआर कोड, स्क्यान-टु-पेलगायत अन्य विद्युतीय माध्यमबाट भुक्तानी गरी वस्तु तथा सेवा खरीद गर्दा तिरेको मूल्य अभिवृद्धि करको १० प्रतिशतले हुने रकम उपभोक्ताले तत्काल फिर्ता पाउने व्यवस्था पनि बजेटले गरेको छ ।

## द्वन्द्वबाट प्रभावितलाई कर्जा उपलब्ध गराइने

**■ रासस**

काठमाडौँ,- सरकारले न्यायपालिका र महान्यायधिवक्ता कार्यालयको रणनीतिक योजना कार्यान्वयन गरी संस्थागत सुदृढीकरण गर्न आवश्यक बजेट छुट्याएको छ । आर्थिक वर्ष २०७८/०७९ बजेटमा द्वन्द्वबाट प्रभावित व्यक्तिलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराई स्वरोजगार बन्ने प्रेरित गरिने उल्लेख छ ।

सर्वोच्च अदालत, बाग्लुङ र सुर्खेत अदालत तथा भक्तपुर, चितवन, स्याङ्जा र बाजुराका जिल्ला अदालत भवन निर्माणको साथै राष्ट्रिय न्यायिक प्रतिष्ठानको भौतिक पूर्वाधार विकासका लागि बजेट व्यवस्था गरिएको छ । न्यायमा पहुँच नपुगेका एकल र हिंसापीडित महिला, दलित, अपांगता, बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय नागरिकका लागि ४७ जिल्लामा सञ्चालित निःशुल्क कानूनी सहायता कार्यक्रम रहेको र आगामी वर्षमा सबै जिल्लामा विस्तार गर्ने योजना छ । देशभरिका सबै जिल्लामा पीडितका तर्फबाट अधिकृतस्तरका कानून व्यवसायीबाट बहस पैरवी गर्ने व्यवस्था मिलाइएको छ । शान्ति प्रक्रियाको बाँकी काम गरिने तथा संक्रमणकालीन न्यायअन्तर्गतका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगलाई जिम्मेवारी पूरा गराउनसमेत आवश्यक बजेट विनियोजन गरिएको छ ।

## मनोरञ्जन समाचार

### 'गणतन्त्रमा जे पनि अध्यादेशमा चल्छ'

■ सिन्धुली सौगात

काठमाडौँ - सामाजिक संजालमा समय सार्न्दभिक बिषयमा आफ्नो कुरा राख्न सिपालु मानिनुहुन्छ निर्माता, लेखक तथा कलाकार दीपकराज गिरी। दीपकराज गिरीको स्टाटसको सामाजिक संजाल र मिडियामा चर्चा पनि राम्रै हुन्छ।

दीपकले गणतन्त्र दिवसको अवसर पारेर सटिक विश्लेषण गर्नु भएको छ। उहाँले, राजतन्त्र र गणतन्त्रको तुलना गर्दै लेखेको स्टाटसमा विभिन्न खालका प्रतिक्रिया आइरहेका छन्।

दीपकले लेख्नु भएको छ,"राजाको पालामा जे पनि आदेशमा चल्थ्यो। गणतन्त्रमा जे पनि अध्यादेशमा चल्छ। राजाको पालमा संसद भनेको पञ्चायतको अगं। गणतन्त्रमा संसद भनेको भंगका भंग। गणतन्त्र दिवसको शुभकामना।"

सरकारले अध्यादेशमा विभिन्न कानुन ल्याएको र आज बजेट पनि अध्यादेश मार्फत नै ल्याउँदैछ। दीपकले यसलाई नै ब्यंग्य कस्नु भएको छ।

## जनता सोध्दैछन्, 'गणतन्त्रले हामीलाई के दियो'

■ सिन्धुली सौगात

काठमाडौं - लाखौं जनता सडकमा उत्रिएर ल्याएको गणतान्त्रिक व्यवस्थाले हिजो शनिवार १४ वर्ष पूरा गरेको छ। २०६५ जेठ १५ गते राजतन्त्रको औपचारिक अन्त्य भएर गणतन्त्र स्थापना भएसँगै राज्यको सर्वोच्च निकायमा सर्वसाधारण जनताको पहुँच स्थापित भएको हो। तर, १४ वर्षको यो अवधिमा गणतन्त्रको प्रतिक राष्ट्रपति संस्थाबाटै पटक-पटक व्यवस्थाविपरित कदमहरू चालिँदै आएको छ। जुन संघीयता र लोकतान्त्रिक व्यवस्थाको खिलाफ छ।

राजतन्त्रको अन्त्य र गणतन्त्रको जग बसाउन लाखौं जनता सडकमा उत्रिए। शहीदहरूको ज्यानको आहुति र रगतको सिँचाइले गणतन्त्रले टेको पाएको हो। गणतन्त्र व्यवस्था मात्र नभएर जनताको विजयउत्सव हो। तर, जनव्यवस्थामा नै धब्बा पोत्ने काम स्वयम् गणतन्त्रको प्रतिक राष्ट्रपति संस्थाबाट भइरहेको छ। पूर्व र वर्तमान राष्ट्रपतिबाट पटक-पटक सर्वोच्च संस्थाको खिलाफ कदमहरू चालिएको छ।

पूर्व राष्ट्रपति रामवरण यादव प्रधानसेनापति प्रकरणमा मुछिनुभयो। दोस्रो कार्यकालमा रहनुभएकी राष्ट्रपति विद्यादेवी भण्डारीको छवि प्रधानमन्त्रीको रवरस्ट्याम्पको रूपमा विकसित भएको छ। पाँच महिनामा दुई-दुई पटक प्रतिनिधिसभा विघटन गर्दा प्रत्यक्ष अप्रत्यक्ष रूपले राष्ट्रपतिबाट सहयोग भएको छ। राजनीतिक स्वार्थले संघीय संसद अपहरणमा पर्दा देश अध्यादेशबाट चल्नुपरेको छ।

गणतन्त्रको घोषणा पश्चात्को उपलब्धि २०७२ सालमा आएको नेपालको संविधान हो। संविधानले संघीय व्यवस्था सहितको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अंगिकार गरेको छ। सिंहदरबारमा सीमित राज्य शक्तिलाई तहगत रूपमा विभाजन गरिएको छ। केन्द्रदेखि स्थानीय तहसम्म जनताका प्रतिनिधिहरूले शासन गरेका छन्। तर, एकात्मक राज्य व्यवस्थाको स्थानमा संघीय र राजतन्त्रको स्थानमा जनताका प्रतिनिधि उभिनुलाई मात्र उपलब्धि ठान्दा देशले कायापलट गर्न सकेको छैन।

घोषणा भएको १४ वर्ष वितिसक्दा पनि वास्तविक गणतन्त्रको अनुभूति गर्न नपाएको गुनासो जनतामा छ। जनताको टाउकोमा २८ हजारबाट बढेर ५२ हजार ऋण पुगेको छ। गरिबी, बेरोजगारी, लैङ्गिक, भाषिक, जातिय उत्पीडन उस्तै छ। प्रेम गरेकै नाममा दैनिक नवराज विकको हत्या हुने गरेको छ। भ्रष्टचारको ग्राफ घटेको छैन। गुण्डागर्दी सामान्य बन्दै गएको छ। मेडिकल र शैक्षिक माफियाको विगविगी छ। हुँदा खाने र हुनेखानेबीचको खाडल गहिरिँदो छ।

गणतन्त्रका लागि संघर्ष गर्ने सीमित नेतृत्व बाहेकका लाखौं मानिसहरूको जीवनमा तात्विक फरक आएको छैन। राज्य व्यवस्थामा इमान र आस्था बोकेकाहरूको भन्दा विचौलिया वर्गको पहुँच बढ्दा जनता छायाँमा परेका छन्। राजनीतिक विकृति घाँटी-घाँटीसम्म आउने गरी बढेको छ। सत्ताका लागि आफ्नै दल फुटाउनेदेखि सांसद नियन्त्रणमा लिनेसम्मका विकृति फेरि पनि दोहोरिएका छन्।

कोरोना महामारी जस्तो विश्वव्यापी स्वास्थ्य संकटमा पनि मुलुकका मुख्य राजनीतिक दलहरूबीच सत्ताको छिनाझप्टी टुंगिएको छैन। जनस्वास्थ्य भन्दा पनि कसरी हुन्छ सत्तामा पुग्ने र शक्ति तथा सम्पत्ति आफू र आफ्नाको पहुँचमा केन्द्रित गर्ने एकसूत्रीय अभियान प्रमुख बनेको छ। कोरोनाबाट दैनिक सयौं व्यक्तिको मृत्यु भइरहँदा सरकारको नेतृत्वमा रहेकाहरुमाथि स्वास्थ्य सामग्री खरिददेखि खोपसम्ममा अनियमिततामा संलग्न भएको आरोप लाग्दा पनि छानबीन र कारबाही प्रक्रिया चलेको छैन। भ्रष्टाचारका ठूला-ठूला काण्डहरू त्यसै छोप्न खोजिएको छ भने राज्यका स्रोत दोहनका लागि सत्तानिकट व्यक्तिहरूलाई खुलेआम छुट दिइएको छ। त्यसैले त जनता अहिले पनि सोधिरहेका छन्– गणतन्त्रले हामीलाई के दियो ?

## खेल समाचार

### इराकसँग नेपालको फराकिलो हार

■ सिन्धुली सौगात

कठमाडौँ - घरेलु टिम इराकविरुद्धको अन्तराष्ट्रिय मैत्रीपूर्ण खेलमा नेपालले फराकिलो हार व्यहोरेको छ।शनिबार भएको खेलमा नेपाल बलियो टिम इराकसँग ६-२ गोल अन्तरले पराजित भएको हो।

बसरास्थित अल्फायहा अन्तराष्ट्रिय मैदानमा इराकलाई जित दिलाउन अयमन हुसेन गबधनले दुई गोल गर्नु भयो। कप्तान अला अब्दुल जहर खासिन, मोहमद अब्दुल्जारा ओबेद, मोहनद अलि र सजाद जासिमले एक एक गोल थप्नु भयो।

नेपालका मनिष डाँगीले एक गोल फर्काउदा इराकका अहमेद इब्राहिम खलाफले एक आत्मघाती गोल गर्नु भयो। खेलको सातौं मिनेटमा कप्तान खासिनले २५ यार्डबाट फ्रिकिकमा गोल गर्दै इराकलाई अग्रता दिलाउनु भयो।

तर, आठौं मिनेटमा नेपालले बराबरी गोल फर्कायो। अन्जन बिष्टको प्रहार क्लियर गर्ने क्रममा इराकका खलाफले आत्मघाती गोल गर्नु भयो।

१३ औं मिनेटमा अन्जनले गोलको मौका गुमाउनु भयो। इराकी डिफेन्डरको गल्तिको फाईदा उठाउदै अन्जनले प्रहार गरेको बल गोलकिपर फाहद तालिमले उत्कृष्ट बचाऊ गरे।

खेलको २९ औं मिनेटमा मनिषको गोलबाट नेपालले २-१ को अग्रता बनायो। सन्तोष तामाङको पासलाई सदुपयोग गर्दै इराकी गोलकिपर अघि बढेको अवस्थामा मनिषले पेनाल्टी क्षेत्र बाहिरबाट उत्कृष्ट गोल गर्नु भयो। उहाँको यो डेब्यु खेलमा डेब्यु गोल हो। ३९ औं मिनेटमा मोहमद अब्दुल्जाराले हेडरमार्फत गोल गर्दै इराकलाई २-२ गोलको बराबरीमा ल्याउनु भयो। त्यसपछि इराकले नेपालविरुद्ध लगातार गोल गर्यो। ४० औं मिनेटमा अयमन हुसेनले गोल गर्दै इराकलाई ३-२ को अग्रता दिलाउनु भयो। रोहित चन्दको ब्याक पास नियन्त्रणमा लिदै उहाँले गोल गर्नु भएको थियो।

पहिलो हाफको इन्जुरी समयमा अयमन हुसेनले व्यक्तिगत दोस्रो गोल गर्दै इराकलाई ४-२ को अग्रता दिलाउनु भयो। खेलको ६७ औं मिनेटमा मोहनद अलिले गोल गरेपछि इराक ५-२ ले अघि रह्यो। सुमन अर्यालको ब्याक पास नियन्त्रणमा लिदै उहाँले गोल गर्नु भयो।त्यसपछि खेलको ७५ औं मिनेटमा सजाद जासिमले गोल गर्दै इराकलाई ६-२ को फराकिलो जित दिलाउनु भयो।

यस हारसँगै नेपाल इराकसँग चौंथो भेटमा समेत पराजित भएको छ। यस अघिको तीन भेटमा समेत नेपाल पराजित भएको थियो।

सन् २०२२ मा कतारमा आयोजना हुने फिफा विश्वकप तथा एसियन कप छनोट अन्तर्गत बाँकी खेलको तयारीका लागि नेपालले फिफा वरीयतामा १ सय ३ औं स्थान माथिको टिम इराकसँग मैत्रीपूर्ण खेल खेलेको हो। अब नेपाली टिम विश्वकप छनोटका लागि कुवेत जाने छन्। समूह 'बी' मा रहेको नेपालको भने विश्वकपमा छनोट खेल्ने सपना टुंगिसकेको छ। यद्दपी बाँकी तीन खेल जिते दोस्रो स्थानमा रहँदै छनोट हुने सम्भावना भने रहेको छ। नेपालको एसियन कपमा छनोट हुने सम्भावना समेत बाँकी रहेको छ।

नेपाल समूहको चौंथो स्थानमा रहँदा अष्ट्रेलिया शीर्ष स्थानमा रहेको छ। नेपालले अब कुवेतमा अष्ट्रेलिया, जोर्डन र चाइनिज ताईपेसँग प्रतिस्पर्धा गर्नेछ। एसियाली पवार हाउसविरुद्ध अंक खोस्न सके नेपालले कम्तिमा एसिया कप छनोटको तेस्रो चरणमा स्थान बनाउने छ। अब नेपालले जुन ३ मा ताइपे, जुन ७ मा जोर्डन र जुन ११ मा अष्ट्रेलियासँग खेल्नेछ।

इराक भने फिफा विश्वकप छनोटको नजिक रहेको छ। समूह 'सी' बाट ५ खेल खेलिसकेको इराक ११ अंक सहित शीर्ष स्थानमा रहेको छ।

## अन्तर्राष्ट्रिय समाचार

### कोभिड-१९ उत्पत्तिको अध्ययनलाई 'राजनीतिकरण नगर्न' आग्रह

■ रासस/सिन्ह्वा

जेनेभा, - विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ले शुक्रबार कोभिड-१९ भाइरसको उत्पत्तिबारे अध्ययन 'राजनीतिकरणको विषय नभएको' भन्दै यसलाई राजनीतिकरण नगर्न आग्रह गरेको छ।

अध्ययनको सम्पूर्ण प्रक्रियालाई राजनीतिले बिगारेको संगठनले बताएको हो। जेनेभामा शुक्रवार डब्ल्यूएचओले गरेको पत्रकार सम्मेलनमा बोल्दै डब्ल्यूएचओ स्वास्थ्य सङ्कटकाल कार्यक्रमका कार्यकारी निर्देशक माइक रायनले भन्नुभयो, "सम्बन्धित सबैले यस (कोभिड-१९ को उत्पत्ति)को विषयलाई राजनीति होइन वैज्ञानिक तरिकाले हेर्नुपर्छ। अनुसन्धानमा सघाउनु पर्छ र अध्ययनको रिपोर्ट विवादरहित बनाउनुपर्छ।"

"यदि तपाईंले वैज्ञानिकहरूको कामको अपेक्षा गर्नुहुन्छ भने तपाइँ वैज्ञानिकहरूसँग सहकार्य गर्न सक्नुहुन्छ र यसबाट तपाईंले चाहनुभएको जवाफहरू प्राप्त गर्नुहुन्छ। वास्तवमा भाइरसको उत्पत्ति पत्ता लगाउन दोषारोपणरहित वातावरणको आवश्यक छ। भाइरस उत्पत्तिको विषय राजनीतिक दोष नलागेको हुनुपर्छ।"

डब्ल्यूएचओका वरिष्ठ अधिकारीले सार्स-कोभ२ भाइरसको सम्भावित उत्पत्ति सम्बन्धी समाचार, प्रमाण वा नयाँ सामग्रीका साथ 'सञ्चारमाध्यममा अधिक छलफल भएको' र यो चिन्ताको विषय भएको छ।

सबै मुलुकका सरकारहरूले सँगै मिलेर काम गर्ने र भाइरस मूल अध्ययन सफलतापूर्वक सम्पन्न गर्नका लागि वातावरण सिर्जना गर्न आह्वान गर्दै रायनले भन्नुभयो, "यस मुद्दाको वर्तमान राजनीतिकरणले डब्ल्यूएचओलाई जवाफ दिन कठिन बनाएको छ।"

भाइरसको उत्पत्ति पत्ता लगाउन धेरै अध्ययन र बहुअभियानहरू आवश्यक पर्दछन् यसका लागि सहयोग, खुलापन र समय आवश्यक रहेको उहाँको भनाइ थियो।

## रोजगार कार्यक्रमका लागि १२ अर्ब

■ रासस

काठमाडौँ,- सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत आगामी आर्थिक वर्षमा थप दुई लाख रोजगारीको अवसर प्रदान गर्न रु १२ लाख विनियोजन गरेको छ। आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य प्रस्तुत गर्दै अर्थमन्त्री विष्णु पौडेलले प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनःसंरचना गरिने बताउनुभयो। रोजगार सेवा केन्द्रमा सूचीकृत युवालाई प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत न्यूनतम् १०० दिनको रोजगारी प्रदान गरिने उहाँले जानकारी दिनुभयो।

सरकारले चालु आवमा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रु १० अर्ब बजेट विनियोजन गरेको थियो। उक्त कार्यक्रममार्फत ८० हजार बेरोजगारले न्यूनतम् रोजगारीको अवसर प्राप्त गरेका थिए। सरकारले आर्थिक वर्ष २०७६/०७७ बाट प्रधानमन्त्री रोजगार कार्यक्रम शुरु गरेको थियो। यसैगरी निषेधाज्ञा समयवधिका लागि सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका योगदानकर्ताको योगदान रकम सरकारले नै जम्मा गरिदिने भएको छ। अर्थमन्त्री पौडेलले वैशाख र जेठ महिनाको योगदान रकम सरकारले जम्मा गरिदिने बताउनुभयो। सरकारले गत वर्ष पनि निषेधाज्ञाको समयमा कोषमा सूचीकृत योगदानकर्ताको योगदान रकम कोषमा दाखिला गरिदिएको थियो।

## विमानस्थलका लागि रु २० अर्ब

■ रासस

काठमाडौँ,- आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि सरकारले तीन अन्तर्राष्ट्रिय विमानस्थल तथा अन्य आन्तरिक विमानस्थल निर्माण गर्न रु २० अर्ब ३१ करोड बजेट विनियोजन गरेको छ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले शनिवार सार्वजनिक गर्नुभएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सौन्दर्यीकरण, भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय र पोखरास्थित क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि करीब रु १९ अर्ब बजेट विनियोज गरिएको छ। पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण गर्न रु ८ अर्ब ५० करोड विनियोजन गरिएको छ। त्रिभुवन विमानस्थललाई बुटिक विमानस्थल बनाउन, ट्याक्सी वे विस्तार गर्न तथा टर्मिनल भवन बनाउन रु छ अर्ब ९५ करोड र भैरहवास्थित गौतमबुद्ध विमानस्थलको थप निर्माणको काम सम्पन्न गर्न र दोसो टर्मिनल भवन बनाउन रु ३ अर्ब ५३ करोड विनियोजन गरिएको हो।

यस्तै, आगामी आवमा सरकारले आन्तरिक विमानस्थलको पूर्वाधार निर्माणमा रु १ अर्ब ३३ करोड विनियोजन गरेको छ। इलाम, गुल्मी र डोल्पामा रहेका विमानस्थलमा परीक्षण उडान गर्ने, सुर्खेत र विराटनगर विमास्थलको विस्तार गर्ने, ओखलढुंगा र ताप्लेजुङ विमानस्थलको धावनमार्ग विस्तार गरिनेछ।

सुकेटार विमानस्थलाई रवीन्द्र अधिकारीको नामकरण

बजेटमा सुकेटार विमानस्थलाई पूर्वपर्यटनमन्त्री स्वर्गीय रवीन्द्र अधिकारीको नामबाट नामकरण गर्ने भएको छ। यस्तै, ताप्लेजुङको चुहाडाँडामा निर्माण हुने विमानस्थलको नामाकरण स्वर्गीय आङछिरिङ शेर्पाको नामबाट राखिने भएको छ। अधिकारी तथा शेर्पा लगायत पाँच जनाको २०७५ साल फागुन १५ गते हेलिकोप्टर दुर्घटनामा परी निधन भएको थियो। चुहानडाँडा विमानस्थल निर्माणको सम्भाव्यता अवलोकनका लागि गएको बेला हेलिकोप्टर दुर्घटना भएको थियो। बजेटमा ससंस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका लागि रु २७ अर्ब ४७ करोड विनियोजन गरिएको छ। यो गत आवको तुलनामा बजेटमा बृद्धि हो। सरकारले आगामी आर्थिक वर्षमा पर्यटन मन्त्रालयबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनाका लागि २७ अर्ब ४७ करोड रुपैयाँ विनियोजन गरेको हो। चालु आवमा पर्यटन मन्त्रालयका लागि रु २६ अर्ब १२ करोड रुपैयाँको बजेट विनियोजन गरिएको थियो। चालु आवको तुलनामा आगामी आवका लागि पर्यटन मन्त्रालयको बजेट रु एक अर्ब ३५ करोडले बढेको छ।

पर्यटन प्रवर्द्धन गर्न ग्रेट हिमालय ट्रेलको गुरुयोजना पूरा हुने जनाइएको छ। यस्तै पर्यटनमा विदेशी लगानी आकर्षित गर्ने सरकारले नीति रहेको भन्दै अर्थमन्त्री पौडेलले काठमाडौँ आसपास हाइकिङ ट्रेल र पदयात्रा मार्ग बनाईने बताउनुभएको छ।

◆ *कर्मचारीलाई १० दिन पर्यटन काज*

अर्थमन्त्री पौडेलले आगामी आर्थिक वर्षबाट पर्यटन प्रवर्द्धन गर्न सरकारी कर्मचारीलाई १० दिन बराबरको भ्रमण बिदा दिइने बताउनुभयो। उहाँका अनुसार पर्यटक काजको नीति अनुसार कर्मचारीलाई दश दिन बराबरको पारिश्रमिक दिइनेछ।

सरकारी कर्मचारीलाई पर्यटक काज स्वरुप बिदा दिइने र निजी क्षेत्रमा कार्यरत कर्मचारीलाई सोही अनुसारको सेवा सुविधा दिन प्रेरित गरिने बजेटमा उल्लेख छ।

### डरले...

औषधि लिन पुगेका बोजेका सुकमान थामीले बाध्यता दर्शाउनुभयो। उहाँले भन्नुभयो, "औषधिको पनि सटेज हुन्छ भन्ने हल्ला चलाएकोले सिटामोल लगेर घरमा राख्नका लागि समेत आएका छन्। डाक्टरलाइ जचाँउन जाँदा संक्रमित भइएला भन्ने डर छ। त्यै भएर मेडिकल हलमा आएका हौं।"कोभिड अस्पताल संचालन आइसकेकाले रोग पालेर नवस्न सिन्धुली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रल्लाद पोखरेल बताउनुहुन्छ। संक्रमण नफैलियोस भनेर सबै खाले उपाए लगाइएको समेत उहाले सुनाउनुभयो। नियमित औषधि सेवन गर्ने, दीर्घ रोगी, सामान्य रोगी सबैलाइ अस्पताल आउन अध्यक्ष पोखरेलले अपिल गर्नु भएको छ। केही प्राविधिकपक्ष मिलेको थिएन्, उहाँले भन्नुभयो, "अहिले सबै व्यवस्थित भैसकेको छ।"


घ्याङलेख गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, हायुटार, सिन्धुली

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*सूचना प्रकाशित मिति : २०७८/०२/१६*

यस कार्यालयबाट मिति २०७७/१२/२२गते द पब्लिक टुडेमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनमूल्याँकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुदा स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धितसबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बोलपत्र नं र कामको विवरण | छनौट भएकाबोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक ( मु.अ.कर सहित) |
|---|---|---|---|
| १. | ठेक्का नं.६।०७७।०७८ निर्माण ३ नं. वडा कार्यालय भवन निर्माण | BirBir Ganesh Construction, Sindhuli | रु. ३८,३९,५३४।०६ |

*प्रमुख प्रशासकीय अधिकृत*


## रोचक प्रसङ्ग

### दुईवटा खरबुजाको मूल्य ३० लाख

जापानमा खरबुजा जातको युबारी मेलोन भनिने फल जम्मा दुईगोटा झण्डै ३० लाख रुपैयाँमा बिक्रि भएको छ। जापानको होक्काइडो प्रान्तमा हुने यो खरबुजाको वार्षिक परम्परागत लिलामीका क्रममा यो वर्ष दुई गोटा फल २७ ला जापानी येनमा बिक्रि भएको हो।

यो मूल्य गत वर्षको भन्दा २२ गुणा बढि भएको लिलामी आयोजकले जनाएको छ। उच्च गुणस्तर तथा मीठो स्वादका लागि जापानमा नाम कमाएको युबारी मेलोन आम रुपमा पनि महंगो मूल्यमा बिक्रि हुन्छ।

गत वर्षको लिलामीमा दुईगेडा युबारीको १ लाख २० हजार येन परेको थियो। जबकि त्यसभन्दा अघिल्लो वर्ष चाहीँ दुईगोटा युबारीलाई किर्तिमानी ५० लाख येन परेको थियो।

युबारी मेलोन होक्काइडो प्रान्तको प्रतिष्ठाको विषयको रुपमा रहेको छ। यो फल अत्यन्तै चिसो तथा प्रतिकूल मौसममा फलाइन्छ। फल भित्राउने काम मे महिनामा सुरु भएर अगष्ट महिनामा सकिन्छ।

यो वर्षको लिलामीमा कूल ४ सय ६६ दाना युबारी बिक्री भए। स्थानीय मिडियाका अनुसार यो पटक बच्चाका खानेकुरा उत्पादक कम्पनीले उच्चतम मूल्य तिरेर युबारी खरिद गरेको हो। लिलामीबाट खरिद गरिएका युबारीलाई कम्पनीले गोलाप्रथाद्वारा छानिएका आफ्ना ग्राहकलाई उपहार दिनेछ।

# नवनियुक्त मन्त्री र राज्यमन्त्रीसँग एमालेले माग्यो स्पष्टीकरण

**■ रासस**

धनगढी, - नेकपा (एमाले)को स्थायी कमिटी बैठकले गरेको निर्णय विपरीत सुदूरपश्चिम प्रदेश सरकारमा मन्त्री तथा राज्यमन्त्री बनेकालाई नेकपा (एमाले)को प्रदेश कमिटीले स्पष्टीकरण सोधेको छ ।

स्थायी कमिटीको बैठकले माओवादी नेतृत्वको सरकारबाट फिर्ता हुने निर्णय गरिसकेको र प्रदेश कमिटीले फिर्ता हुन निर्देशन दिइसकेको अवस्थामा निर्णय विपरीत गई मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति लिएकाले स्पष्टीकरण सोधिएको र चित्तबुझ्दो जवाफ नआए कारबाही हुने पार्टीका प्रदेश कमिटी अध्यक्ष कर्ण थापाले बताउनुभयो ।

बिहीबार मात्र मन्त्री बन्नुभएका आन्तरिक मामिला तथा कानूनमन्त्री पूर्णा जोशी, सामाजिक विकासमन्त्री लालबहादुर खड्का, भौतिक पूर्वाधार विकासमन्त्री दीर्घ सोडारीलाई २४ घण्टे स्पष्टीकरण सोधिएको अध्यक्ष थापाले जानकारी दिनुभयो । अध्यक्ष थापाका अनुसार बिहीबार नै राज्यमन्त्रीको शपथ लिनुभएका चुनकुमारी चौधरी, अर्चना गहतराज र मना साउदलाई पनि स्पष्टीकरण सोधिएको छ । प्रदेश संसदीय दलको सचेतकमा नियुक्त दुर्गा कामीलाई पनि स्पष्टीकरण सोधिएको छ । यसअघि सरकारबाट फिर्ता नभएको र स्थायी कमिटीको निर्णय विपरीत निर्णय गरेको भन्दै प्रदेश कमिटीले आर्थिक मामिला तथा योजनामन्त्री प्रकाशबहादुर शाह, पूर्वसामाजिक विकासमन्त्री कृष्णराज सुवेदी र पूर्वउद्योग पर्यटन वन तथा वातावरणमन्त्री माया भट्टलाई पार्टीको साधारण सदस्यबाट निष्कासन गर्ने निर्णय गर्दै केन्द्रीय कमिटीलाई पठाइसकेको छ ।

## काँग्रेसका थप क्रियाशील सदस्यताको विवरण सार्वजनिक

**■ रासस**

काठमाडौँ,- नेपाली काँग्रेसले पार्टीको १४ औं महाधिवेशनअन्तर्गत थप १६ जिल्लाका २१ प्रतिनिधिसभा निर्वाचन क्षेत्रको क्रियाशील सदस्यता नवीकरण र नयाँतर्फको प्रस्तावित नामावली सार्वजनिक गरेको छ । काँग्रेसले विधानको प्रक्रियानुसार विवादरहित रुपमा पार्टीका जिल्ला र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले पार्टीको सफ्टवेयरमा ‘इन्ट्री’ गरिएका क्रियाशील सदस्यतासम्बन्धी विवरण शनिवारपार्टीको वेबसाइट www.nepalicongress.org मार्फत सार्वजनिक गरिएको हो ।

यसअघि गत वैशाखमा ४५ जिल्लाका ८० प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये केहीको नवीकरण र नयाँ दुवै तथा केही स्थानको नवीकरण मात्रको प्रस्तावित विवरण सार्वजनिक गरिएको पार्टी केन्द्रीय कार्यालयका सचिव केशव रिजालले जानकारी दिनुभयो ।

सार्वजनिक गरिएका नामावलीमाथि कुनै उजूरी वा गुनासा भएमा केन्द्रीय क्रियाशील सदस्यता छानबिन समितिको इमेल ठेगानामार्फत सम्बन्धित पार्टी निकाय वा व्यक्तिले यही जेठ २२ गतेभित्र लिखित उजूरी गुनासो पठाउन सक्ने उहाँले बताउनुभयो ।

सार्वजनिक गरिएका प्रस्तावित नामावलीमाथि परेका उजूरी र गुनासाका सम्बन्धमा समितिले गरेको निर्णयानुसार प्रस्तावित नामावलीको अन्तिम सूची कायम हुने समितिले जनाएको छ । साथै कम्प्युटर इन्ट्री भएका बाँकी जिल्ला र क्षेत्रको प्रस्तावित नामावली पनि क्रमशः सार्वजनिक गरिने काँग्रेसले जनाएको छ ।

क्रियाशील सदस्यतासम्बन्धी प्रक्रिया पुर्‍याई सफ्टवेयरमा नामावली इन्ट्री गर्दागर्दै इन्ट्री गर्न छुट भएकाले थप समय उपलब्ध गराइपाऊँ भनी समितिमा अनुरोध गर्ने केही जिल्ला र क्षेत्रीय समितिलाई यही जेठ २५ गतेसम्मको थप समय दिइएको छ ।

## जसपामा पत्रयुद्ध : महन्थले दिए उपेन्द्रलाई अल्टिमेटम

**■ सिन्धुली सौगात**

काठमाडौं - जनता समाजवादी पार्टी (जसपा)मा पत्रयुद्ध नै चलेको छ । जसपाका अध्यक्ष महन्थ ठाकुरले तोकिएको समयमा स्पष्टीकरण नबुझाएको भन्दै अर्का अध्यक्ष उपेन्द्र यादवलाई फेरि स्पष्टीकरण बुझाउन पत्र पठाउनु भएको छ ।

उहाँले शनिवार २४ घण्टे स्पष्टीकरणपत्र पठाउँदै सो अवधिमा जवाफ प्राप्त नभए पार्टीबाट निष्कासनसमेतको कारबाही हुन सक्ने चेतावनी दिनु भएको छ ।

“उपरोक्त सम्बन्धमा तपाईलाई पार्टी विधान तथा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १८(१),(२),(३) र पार्टी विधानको दफा ४९ को (१),(२),(३),(५),(७),(८, दफा ५० को (१) विपरीत काम गर्नुभएकोले मिति २०७८/०२/११ को पत्र संख्या ०७७/०७८ र चलानी नम्बर १७ को पत्र प्राप्त भई व्यहोरा अवगत नै होला । अतः तपाईंसँग स्पष्टीकरण लिई तपाईंलाई सफाइको मौका दिन तपाईलाई कारबाही किन नगर्ने भनी स्पष्टीकरण सोधिएकोमा आजको मितिसम्म जवाफ प्राप्त हुन नआएकोले दोस्रोपटक पुनः यो पत्र जुनसुकै माध्यमले प्राप्त भएको मितिले २४ घण्टाभित्र चित्तबुझ्दो स्पष्टीकरण लिई आउनुहुन अनुरोध छ । यो पत्र प्राप्त गरेको म्यादभित्र चित्तबुझ्दो र सन्तोषजनक जवाफ प्राप्त नभएमा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र जनता समाजवादी पार्टी, नेपालको अन्तरिम विधान, २०७७ बमोजिम निष्कासनसमेतको कारबाही हुनेछ,” यादवलाई पठाएको पत्रमा भनिएको छ ।

यसअघि, शनिवारनै अध्यक्ष उपेन्द्र यादव र संघीय परिषद्का अध्यक्ष डा. बाबुराम भट्टराईले पनि अध्यक्ष ठाकुर, वरिष्ठ नेता राजेन्द्र महतो, नेताहरु सर्वेन्द्रनाथ शुक्ल र लक्ष्मणलाल कर्णलाई तोकिएको समयमा स्पष्टीकरण नबुझाएको भन्दै २४ घण्टे अल्टिमेटमसहितको पत्र पठाउनु भएको थियो । सो पत्रको ‘काउन्टर’ दिँदै ठाकुरले पत्र पठाउन भएको हो । केही समययता जसपामा एकले अर्कालाई स्पष्टीकरण सोधिरहेका छन् ।


सबै नेपालीको चाहाना : लागू औषध उत्पादन, अवैध ओसारपसार र सेवन रहित समाजको कामना !

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## प्रभावकारी हुन सकेन अनलाइन शिक्षा

**■ रासस**

काठमाडौँ, -कोरोना महामारीबाट बच्न जारी निषेधाज्ञाका बेला सरकारी विद्यालयमा यन्त्र र संस्थागत विद्यालयमा स्रोतको अभावमा प्रभावकारी शिक्षण सिकाइ हुन नसकेको सरोकारवालाहरूको भनाइ छ । सुशील कोइराला मेमोरियल फाउन्डेसनले शनिवार जुम प्रविधिबाट आयोजना गरेको ‘महामारीमा शिक्षा, चुनौती र सामना गर्ने रणनीति’ विषयक अन्तरक्रियामा प्याब्सनका सहअध्यक्ष डिके ढुंगानाले सरकारी विद्यालयलाई अनलाइनबाट पढाउन प्रविधि र यन्त्रको व्यवस्था गरिनुपर्ने बताउनुभयो । संस्थागत विद्यालयलाई स्रोतको व्यवस्थाका लागि सरकारको पहल आवश्यक रहेको उहाँको भनाइ थियो ।

अभिभावक महासङ्घका अध्यक्ष सुप्रभात भण्डारीले अहिलेको शिक्षाले चिल्लो प्रमाणपत्र दिने तर संस्कार नदिने भएकाले संस्कार बसाउन शिक्षा नीतिमै व्यवस्था गर्न माग गर्नुभयो । शिक्षामा संस्कार नहुनुमा सरकारी नीति र समाजको पनि दोष रहेको उहाँको भनाइ थियो । सरकारी विद्यालयमा दिवा खाजा र स्यानिटरी प्याडमा छुट्याएको बजेट खर्च नभएकाले त्यसलाई अनलाइन शिक्षा दिन डिभाइसमा खर्च गर्नुपर्ने महासंघका अध्यक्ष भण्डारीको माग थियो ।

**◆ *वैज्ञानिकरूपमा छात्रवृत्ति वितरण गर्न माग***

छात्रवृत्तिलाई वैज्ञानिक बनाउन महासङ्घले लामो समयदेखि राख्दै आएको छात्रवृत्ति बैङ्कको व्यवस्था गरिनुपर्ने माग अझै पूरा नहुँदा विपन्न वर्गका लागि व्यवस्था गरिएको छात्रवृत्तिको दुरुपयोग हुँदै आएको छ । निकै कम मात्र लक्षित वर्गले छात्रवृत्ति पाएका छन् ।

अधिकाँश पहुँचवालाले नै छात्रवृत्ति पाएको पत्रकार एवं रत्नराज्य लक्ष्मी क्याम्पसका उपप्राध्यापक जगत नेपालले सुनाउनुभयो । राजनीतिक परिवर्तन भएपनि अरु क्षेत्रमा परिवर्तन नहुने, कानून कार्यान्वयन नहुने, विधिको शासन स्थापित नहुने गरेकाले राजनीतिक प्रणाली पनि टिक्न नसक्ने गरेको उहाँको भनाइ थियो । संविधानमा मौलिक हकका रूपमा राखिएको शिक्षा, स्वास्थ्यजस्ता हकको समेत कार्यान्वयन हुन सकेको छैन ।

सरकारको प्राथमिकतामा शिक्षा परेको भए शिक्षक विद्यार्थीले पहिलो चरणमै खोप पाउने सरोकार भएका निकायका अधिकारीको ऐक्यबद्धता थियो । अरु देशमा शिक्षक, विद्यार्थी एवं शैक्षिक संस्थामा कार्यरत कर्मचारीले पनि पहिलो चरणमै खोप पाएको उहादहरण उहाँहरूले सुनाउनुभयो । अनलाइन माध्यमबाट अध्यापनका लागि सबैतिर ‘डिभाइस’ र नेटवर्क नहुने भएकाले कोरोना महामारी लम्बिरहेको सन्दर्भमा वैकल्पिक व्यवस्था गरिनुपर्ने सरोकारवाला निकायको जोड थियो । शिक्षालाई वस्तु नभई सेवाका रूपमा लिएर संविधानमा मौलिक हकका रूपमा राखेपछि त्यसै अनुसारको व्यवस्था गर्न पनि सो अवसरमा माग गरिएको छ । फाउन्डेसनका सदस्यसचिव अतुल कोइरालाले पाँच वर्षदेखि नै समसामयिक विषयमा अन्वेषण यात्रा शुरु गरेको जानकारी दिनु हुँदै महामारीका बेला घरमै बस्न बाध्य बालबालिकाले कसरी अध्ययन गर्ने वातावरण पाउन सक्छन् भन्ने उद्देश्यले अन्तरक्रिया राखिएको सुनाउनुभयो ।

## खाद्यान्नमा २० प्रतिशत छुट

**■ रासस**

काठमाडौँ, - निषेधाज्ञा अवधिभर दुई सरकारी संस्थानबाट खाद्य पदार्थ खरीद गर्दा छुट पाइने भएको छ । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक वर्ष २०७८/७९ को बजेट सार्वजनिक गर्दै निषेधाज्ञा अवधीभर खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशनबाट खाद्य पदार्थ खरीद गर्दा बीस प्रतिशतसम्म छुट पाइने बताउनुभएको हो । दुई कम्पनीले बिक्री गर्दै आएको चामल, चिनी, नुन, तेल, तथा खाना पकाउने ग्यास खरिद गर्दा उक्त छुट पाइनेछ । खाद्य कम्पनीको अनलाइन होम डेलिभरी तथा साल्ट ट्रेडिङ कर्पोरेशनको मोबाइल भ्यान तथा बिक्री काउन्टरबाट खाद्य पदार्थको खरिद गर्दा उक्त छुट पाइनेछ । काठमाडौँ उपत्यकाका तीन जिल्लामा शुक्रबारदेखि कडाइ गरिएको निषेधाज्ञाको समयमा दुई कम्पनीले अनलाइन तथा मोबाइल म्यानमार्फत निशुल्क रुपमा खाद्य पदार्थको होम डेलिभरी गर्न अनुमति दिइएको छ ।कोरोना संक्रमितको संख्यामा वृद्धि भएको भन्दै निश्चित अवधीलाई किराना पसल सञ्चालन गर्दा जोखिम बढेको भन्दै आगामी जेठ २० गतेसम्म उपत्यकाभित्र सञ्चालित किराना तथा डिपार्टमेन्टल स्टोरहरु पूर्णरुपमा बन्द गरिएको छ । सरकारले तरकारी, दूध र माछा-मासुको ढुवानी गर्दा अनुदान पाउने भएका छन् । अर्थमन्त्री पौडेलका अनुसार उक्त सामग्री किसानले नजिकको बजारसम्म ढुवानी गर्दा लाग्ने भाडामा २५ प्रतिशत अनुदान सरकारले दिनेछ ।


तेश्रो भेरियन्टको कोरोना भाइरस नेपालमा पनि देखिसकेको छ। सावधानि अपनाउन कन्जुस्याईं नगरौं। मास्कको प्रयोग गरौं, आफूपनि बचौं अरुलाई पनि बचाऔं ।

कमलामाई नगरपालिका, सिन्धुली


## आजको राशिफल

*मेष(चु, चे, चो, ला, लि, लु, ले, लो, अ) :* कमजोरीले चिन्ता बढाउन सक्छ । अरूका लागि बुद्धि खर्चनु पर्नेछ । श्रम गरीकन मूल्य प्राप्त नहुने समय छ । स्वास्थ्यमा कमजोरी र उपचारमा खर्च हुने योग छ । मुख्य काममा बाधा हुने देखिन्छ । सानातिना काममै अल्झनु पर्दा मन खिन्न रहनेछ । मेहनतले धेरैको विश्वास जित्न सकिनेछ ।

*बृष(ई, ऊ, ए, ओ, वा, वी, वु, वे, वो):* प्रयत्न गर्दा मौकाको फाइदा लिन सकिनेछ । यात्रामा विशेष लाभ होला । शत्रु र रोगबाट छुटकारा मिल्ने समय छ । आश्वासन बाँड्नेहरूले झुक्याउनेछन् भने परिस्थितिले पनि अप्ठ्यारो मोडमा पुर्‍याउन सक्छ । आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन् । आमाको माध्यमबाट काम बनाउन सकिनेछ ।

*मिथुन(का, की, कु, घ, ङ, छ, के, को, हा) :* आम्दानी प्रशस्तै बढ्नेछ । आतिथ्यपूर्ण सम्मान पाइएला । प्रेमको बन्धन कसिने बेला छ । दाम्पत्य जीवन सुखद तथा समृद्ध बन्ने समय छ । स्रोत साधन जुट्नाले दिगो फाइदा हुनेछ । सानो प्रयत्नले पनि राम्रो फाइदा उठाउन सकिनेछ । कृषि कर्म र व्यावसायिक काममा केही लगानीपछि फाइदा हुनेछ ।

*कर्कट(ही, हु, हे, हो, डा, डी, डु, डे, डो) :* सवारी साधन उपयोग गर्दा अलि सावधानी अपनाउनु होला । समग्रमा दिन उत्साहपूर्ण रहनेछ । व्यावसायिक यात्रा सम्भावना छ । मेहनत गर्दा सामान्य आम्दानी भइरहनेछ । व्यवसायमा पनि फाइदै हुनेछ । यात्रा गर्दा धनमाल हराउन सक्छ । बोलीको गलत अर्थ लाग्नाले आत्म सम्मानमा चोट पुग्न सक्छ ।

*सिहं (मा, मी, मु, मे, मो, टा, टी, टु, टे) :* इच्छा शक्ति बढ्नुका साथै चिताएको काम सजिलै सम्पादन हुनेछ । परम्परालाई समय सापेक्ष परिवर्तन गर्न सकिनेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । अस्वस्थताले काममा ढिला सुस्ती हुन सक्छ । पढाइ लेखाइमा पनि प्रगति गर्न नसकिने योग छ । टाढिएका आफन्तहरू नजिकिन सक्छन् ।

*कन्या (टो, पा, पी, पु, ष, ण, ठ, पे, पो) :* अलि बाध्यताका काममा जुट्नुपर्ला । केही विवादमा समेत परिने योग छ, सजग रहनुहोला । आलश्य गर्ने बानीले समस्या निम्त्याए पनि मेहनतीहरूका लागि समय उत्साहजनक रहनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्ति हुनेछ । सहयोगीहरूले राम्रै साथ दिनेछन् । काममा सोचे जस्तै सफलता मिल्नेछ ।

*तुला(रा, री, रु, रे, रो, ता, ती, तु, ते) :* मुद्दा मामिलामा पनि विजयी भइनेछ । व्यापार तथा उद्योगतर्फ सामान्य फाइदाको योग छ । व्यापार व्यवसायमा सोचेको फाइदा नउठ्ने देखिन्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन निकै मेहनत गर्नुपर्ला । प्रशस्त धन आर्जन गर्ने मौका छ । पराक्रम र उत्साह बढ्नेछ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ ।

*बृश्चिक (तो, ना, नी, नु, ने, नो, या, यी, यु) :* अधिकारका लागि केही संघर्ष हुन सक्छ । प्रतिस्पर्धीहरूले अप्ठ्यारोमा पार्ने प्रयास गर्नेछन् । परिस्थिति अलि प्रतिकूल रहने देखिन्छ । पशु र कृषिबाट सोचेको लाभ नउठ्न सक्छ । साझेदारीमा समस्या आउने देखिन्छ । आज तपाइले सोचेको काममा सफलता प्राप्त हुने देखिन्छ । द्रव्य प्राप्तिको पनि योग रहेको छ ।

*धनु (ये, यो, भा, भी, भु, ध, फा, ढा, भे) :* आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि बढी नै फाइदा हुनेछ । विभिन्न भौतिक साधनहरू जुट्नेछन् । प्रसन्नता पनि मिल्नेछ । आफन्तसँग असमझदारी बढ्न सक्छ । बाध्यताका काममा अलमलिनुपर्ला । पति पत्नीमा पनि अविश्वास बढ्ने योग छ । कृषि तथा पशुपालनमा फाइदा हुनेछ ।

*मकर (भो, जा, जी, जु, जे, जो, ख, खी, खु, खे, खो, गा, गी):* आम्दानी बढ्नेछ भने परिवारजनका आवश्यकता पूरा हुनेछन् । दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ । रमाइलो क्षणमा अचानक खिन्नता बढ्ने समय छ । सोचेको लाभ नमिल्न सक्छ । केही अप्ठ्यारा परिस्थितिको सामना गर्नुपर्ला । अप्ठ्यारो काम बन्नेछ । प्रेम र मित्रताको बन्धन कसिने सम्भावना छ ।

*कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, दा) :* बौद्धिक कार्यबाट मनग्य धन लाभ हुनेछ । आफ्नो प्रतिभा धेरैलाई देखाउन सकिनेछ । गुरुजनको विशेष सहयोग जुट्नेछ भने अध्ययनमा प्रगति हुने समय छ । पहिलेको सम्झौता भंग हुन सक्छ । अरूको फाइदाका लागि उपयोग भइएला । काम बिग्रने डरले सताइरहनेछ । विभिन्न अवसरहरू पाइनेछ ।

*मीन(दी, दु, थ, झ, ञ, दे, दो, चा, ची) :* प्रतिष्ठित काम गर्ने मौका छ । अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । कामले कीर्तिमानी दिलाउने सम्भावना छ । सवारीमा सावधानी अपनाउनुहोला । सहयोगीहरूको भरपर्दा चिताएको काम नबन्न सक्छ, सजग रहनुहोला । आज हातमा आएको अवसर गुम्ने सम्भावना देखिन्छ ।

**तपाईंको दिन शुभ रहोस् !**

प्रकाशक : सगुन सौगात मिडिया प्रा.लि. मुद्रकः सगुन अफसेट प्रिन्टिङ्ग प्रेस, कार्यालयः क.न.पा. ५, मधुटार, सिन्धुली, फोन नं. ०४७-५२१०९५, ईमेल : ssmedia2068@gmail.com अध्यक्षः विनोद कुमार रायमाझी (९८४४०४५८६७), सम्पादकःसविर रायमाझी, सह-सम्पादकः- सगुन रायमाझी , कार्यकारी सम्पादकःसौगात रायमाझी, सम्वाददाताः विश्वज्योति थापा, कम्प्यूटर/डिजाईनः- सागर रायमाझी